# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड १, संख्या २६, फागुन २६ गते, २०७५ साल**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग २

## बेसीशहर नगरपालिका दलित नगर समन्वय समिति(गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५

**प्रस्तावना :**

नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरेको सन्दर्भमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिता अभिवृद्धि गरी दलित समुदायको समग्र उत्थान तथा विकास गर्न स्थानीय तह, सरकारी कार्यालयहरू तथा गैर सरकारी क्षेत्रबाट संचालित कार्यक्रमहरूलाई पारदर्शी ,जनमुखि, प्रभावकारी एवं नतिजामूलक बनाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कनका लागि पहल, समन्वय, सहजीकरण र निगरानी गर्ने, दलित समुदायसँग सम्बन्धित समस्याहरूको निराकरणका लागि पहल गर्ने मञ्चको रूपमा कार्य गर्ने, जिल्लामा विभिन्न संघ, संस्था तथा निकायबाट सञ्चालित कार्यक्रमहरूकोसमन्वय गरी एकीकृतरूपमा सञ्चालन गर्ने,गराउने, दलित लक्षित बजेटलाई ब्यवस्थित तरिकाले उपयोग गरी कार्यक्रम सञ्चालन प्रक्रियामा एकरूपता ल्याउने एवं अनुदान रकमलाई

स्पष्ट, पारदर्शी र ब्यवस्थित गर्न विकाससँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउन बेसीशहर नगरपालिकामा समन्वय समिति गठन गर्न वान्छनीय भएकोले बेसीशहर नगरपालिकाले यो "दलित बेसीशहर नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५"तर्जुमा गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम " बेसीशहर नगरपालिका दलित नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको दलित बेसीशहर नगर समन्वय समिति सम्झनु पर्छ ।

**३. समितिको गठन** :(१)दलित बेसीशहर नगर समन्वय समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) बेसीशहर नगरपालिकाको उपप्रमुख - अध्यक्ष

(ख) नगरकार्यपालिकाले छनौट गरेको नगरक्षेत्रभित्रको दलितवर्गको हक हीतको पक्षमा क्रियाशिल एक जना - उपाध्यक्ष

(ग) प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी नगर कार्यपालिकाले छनौट गरेको सक्रिय दलित ११ जना (कम्तिमा ४ जना महिला सहित) - सदस्य

(घ)प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारीले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(च) जिल्ला प्रहरी कार्यालय प्रमुख वा अधिकृत प्रतिनिधि - सदस्य

(छ) विभिन्न गैर सरकारी संघसंस्थामा संलग्न दलित मध्येबाट नगरप्रमुखले तोकेको २ जना - सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना फोकल पर्सन कर्मचारी - सदस्य सचिव

२.बैठकमा प्रमुख आमान्त्रित सदस्यको रूपमा नगरपालिका प्रमुखको सहभागिता रहनेछ । तथा बैठकको आवश्कतानुसार अन्य व्यक्तिहरूलाई आमन्त्रित सदस्यको रूपमा सहभागिता गराउन सकिनेछ ।

**४ .समितिको काम, कर्तव्य र अधिकारः-**समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दलित समुदायसँग सम्बन्धित नगरक्षेत्रमा सञ्चालित विभिन्न सरकारी, गैरसरकारी र निजी क्षेत्रका कार्यक्रमहरूको सहजीकरण, समन्वय तथा अनुगमन मूल्याङ्कन गर्ने,

(ख) नगरक्षेत्रमा दलित समुदायको उत्थान र विकासको लागि सञ्चालन भईरहेका कार्यक्रमहरूमा दोहोरोपना व्यवस्थित गरी ध्वतअज म्यन (निगरानी)को काम गर्ने,

(ग) जातीय भेदभाव तथा छुवाछूत जस्ता अमानवीय व्यवहारबाट उत्पीडित दलितवर्गको हकहित र उत्थानका कार्य गर्नेतथा चेतनामूलक/सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने,

(घ) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षणर विकास गर्ने, गराउने,

(ङ) दलित समुदायका परम्परागत पेशासंग सम्वन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप, साधन तथा स्रोत उपलब्ध गराउन समन्वय गर्ने ,

(च)विभिन्न संघ, संस्था निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा सरोकारवाला संघ, संस्थामा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको लागि पहल गर्ने,

(छ)नगरपालिकास्थित सरकारी कार्यालय एवं गैर सरकारी संघ, संस्थासँग समन्वय गरी दलित समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक लगायत समग्र विकासका लागि कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ज) सरकारी, गैरसरकारी संघ, संस्था एवं निकायबाट सञ्चालित दलित समुदाय केन्द्रित कार्यक्रमको निरीक्षण, सुपरीवेक्षण, अनुगमन तथा अभिलेखीकरण गर्ने र ती कार्यक्रमहरूको नियमितता, मितव्ययिता, पारदर्शिता र प्रभावकारिता वृद्धि गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(झ)विभिन्न संघ, संस्था निकायबाट स्रोत, साधन जुटाई दलित समुदायको उत्थानका लागि आय एवं सीप तथा रोजगारमूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमीनार आदि सञ्चालन गर्ने, गराउने,

(ञ) दलित समुदायका समस्याहरू पहिचान गरीसमाधानका लागि स्थानीयस्तरमा कार्यरत सबै सरकारी, गैरसरकारी र सामाजिक संघ संस्थाहरूलाई सक्रिय रूपमा परिचालन गर्ने र दलित समुदायको उत्थानको लागि कार्य गर्न उत्प्रेरित गर्ने गराउने,

(ट) दलित समुदायको तथ्याङ्क एवं विवरण संकलन गर्न लगाई प्रोफाइल तयार गर्ने, गराउने,

(ठ) स्थानीय तहबाट दलित लक्षित कार्यक्रमहरूमा विनियोजित बजेटबाट दलित लक्षित वर्ग लाभान्वित हुने अवस्था सुनिश्चित गर्ने,

(ड)स्थानीय तह लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण कार्यविधि अनुरूप लैससास बजेटको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,

(ढ) नगरपालिकामानेपाल सरकार, विषयगत कार्यालयहरू तथा स्थानीय निकायबाट सञ्चालित दलित विकासको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने,

(ण) सामाजिक परिचालन मार्फत लक्षित वर्गको सशक्तिकरण गर्ने गराउने,

(त) स्थानीय तहको सहभागितात्मक योजना तर्जुमा प्रक्रियामा दलित समुदायको सक्रिय सहभागिता गराई दलित समुदाय विकास लक्षित कार्यक्रम तथा बजेटको सुनिश्चितता गर्न सहजिकरण गर्ने,

**५. समितिको बैठक सम्बन्धी कार्यविधि** :(१) समितिको बैठक १ बर्षमा कम्तीमा ४ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

६. **समितिका पदाधिकारीका सेवा, शर्त एवं सुविधा सम्बन्धी व्यवस्था** : (१) समन्वय समितिमा रहने पदाधिकारी एवं सदस्य (पदेन बाहेक) हरूको कार्य अवधि बढीमा तीन बर्षको हुनेछ ।

(२) समितिका सदस्यहरूले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन् । तर समितिका सबै पदाधिकारीहरूले समितिको बैठक बसेको दिन कार्यपालिकाको निर्णयानुसार बैठक भत्ता तथा यातायात खर्च पाउन सक्नेछन् ।

(३) समन्वय समितिका पदाधिकारीहरूले पाउने बैठक भत्ताको रकम नगरपालिकाले उपलब्ध गराउनेछ ।

(४) समन्वय समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।

(५) समितिका सदस्यहरूले यस संग सम्वन्धित कार्यको लागि कुनै क्षेत्रको भ्रमण गर्नु परेमा नगर प्रमुखको आदेश अनुसार मात्र भ्रमण गर्न सक्नेछन्  तथा प्रचलित कानुन वमोजिम भ्रमण भत्ता पाउनेछन् । भ्रमण भत्ता लिनु अघि भ्रमण प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**
**भीम प्रसाद तिवारी**
**प्रमुख प्रशासकिय अधिकृत**